# ताप्ली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## रुपाटार, उदयपुर

### कोशी प्रदेश, नेपाल

प.सं. ०८१/८२

च.नं.

मितिः२०८१/०८/२८

ने.स. थिंलाथ्व द्वादशी, सोमबार

**सूचना ! सूचना !! सूचना !!!**

**विषयः शिक्षक आवश्यक्ता सम्बन्धि विज्ञापन ।**

उपर्युक्त सम्वन्धमा यस गाउँपालिका अन्तर्गत तपशिलका विद्यालयहरुमा तपशिलका रिक्त पदमा करार पदपूर्ती गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकले तोकिएको मिति र कार्यालय समय भित्र आवश्यक कागजातसहित दरखास्त पेश गर्नु हुन अनुरोध छ ।

तपशिलः

| सि.नं. | विज्ञापन नं. | रिक्त रहेको तह | विषय | पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०८१-०८२-००१ | प्रा.शि. तृतिय | - | ५ | गा.पा. अनुदान |
| २ | २०८१-०८२-००२ | | - | १ | करार |
| ३ | २०८१-०८२-००३ | नि.मा.शि. तृतिय | अंग्रेजी | १ | संघिय अनुदान |
| ४ | २०८१-०८२-००४ | | अंग्रेजी | १ | राहात |
| ५ | २०८१-०८२-००५ | | अंग्रेजी | १ | गा.पा. अनुदान |
| ६ | २०८१-०८२-००६ | | गणित | १ | संघिय अनुदान |
| ७ | २०८१-०८२-००७ | | विज्ञान | २ | गा.पा. अनुदान |
| ८ | २०८१-०८२-००८ | मा.शि. तृतिय | अंग्रेजी | २ | संघिय अनुदान |
| ९. | २०८१-०८२-००९ | | गणित | २ | संघिय अनुदान |
| १०. | २०८१-०८२-०१० | | नेपाली | १ | गा.पा.अनुदान |
| ११. | २०८१-०८२-०११ | | विज्ञान | ३ | संघिय अनुदान |

भक्त बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

**शर्तहरुः-**

- दरखास्त दस्तुरः- प्रा.शि. तृतिय रु. ५००, नि.मा.शि. तृतिय रु. ७०० र मा.शि. तृतिय रु. १०००

# ताप्ली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रुपाटार, उदयपुर
कोशी प्रदेश, नेपाल

प.सं. ०८१/८२
च.नं.

- दरखास्त दिने तरिकाः ताप्ली गाउँपालिकाले तोकेको दरखास्त फारममा सम्पुर्ण विवरण भरि ताप्ली गाउँपालिकाको राजश्व शाखामा दरखास्त दस्तुर बुझाएको भौचरको सकलै प्रति एक थान राखि दरखास्त बुझाउन सकिने छ।
- आवश्यक कागजातहरुः- नेपाली नागरिकता साथै सम्पुर्ण शैक्षिक योग्यता, चारित्रिक प्रमाणपत्रहरुको स्वयम् प्रमाणित प्रतिलिपिहरु १/१ थान,
- परीक्षाको किसिमः- लिखित र अन्तर्वार्ता,
- उम्मेदवारको उमेरको हदः- १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको,
- दरखास्त दिने अन्तिम मितिः सूचना प्रकासन भएको मितिले १५ दिन भित्र कार्यालय समय सम्म ।
- फोटोः- दुई प्रति,
- तलब भत्ताः- प्रचलित नियमानुसार (गा.पा. अनुदान शिक्षकको हकमा गा.पा. ले तोके बमोजिम हुने छ)
- सम्पर्क मितिः- दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट,
- परिक्षा मितिः- सम्पर्क मितिमा तोकिनेछ,
- सम्पर्क नं.: ९८५२८२९०७८,९८६२१५०१८०,
- उमेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता

❖ **प्राथमिक शिक्षकको हकमाः**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षामा (कम्तीमा २०० पुर्णाङ्क वा ८ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पुरा गरेको ।

तर, कुनै उम्मेदवारले २०० पुर्णाङ्कको शिक्षा सम्बन्धी विय लिई माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीकक्षा उत्तीर्ण गरेको भए तालिम प्राप्त गरेको मानिनेछ ।

ख) प्राथमिक तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको । माथिल्लो तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको व्यक्ती समेत यस विज्ञापनमा उल्लिखित शिक्षक पदमा उमेदवार हुन सक्नेछन् । तर यस्ता व्यक्तीहरुले समेत शिक्षा विषयमा १० महिने तालिम पुरा गरेको हुनु पर्नेछ ।

❖ **निम्न माध्यमिक शिक्षकको हकमाः**

भक्त बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षामा (कम्तीमा २०० पुर्णाङ्क वा ८ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पुरा गरेको ।

तर, कुनै उम्मेदवारले २०० पुर्णाङ्कको शिक्षा सम्बन्धी विय लिई माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीकक्षा उत्तीर्ण गरेको भए तालिम प्राप्त गरेको मानिनेछ ।

ख) निम्न माध्यमिक तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको ।

❖ **माध्यमिक शिक्षकको हकमाः**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षामा (कम्तीमा ३०० पुर्णाङ्क वा १२ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पुरा गरेको । तर अङ्ग्रेजी, गणित विज्ञान विषयको हकमा तालिम नलिए पनि यस विज्ञापन बमोजिम शिक्षक पदको लागि उमेद्वार हुन सक्नेछन् ।

ख) ,माध्यमिक तहको स्थायी अधयापन अनुमति प्राप्त गरेको ।

भक्त बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत